जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक ४४ | २०७९ साल भदौं २३ गते बिहीबार (8 Sep 2022 Thursday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : प्रदेशको नाम बेनाम.. ३ पृष्ठमा : जग्गा विवादले राष्ट्रिय गौरवको ... ३ पृष्ठमा सिचुआन भूकम्पमा ७४ को...

# सप्तरी जिल्ला मधेश केन्द्रित दलका अध्यक्षको रोजाईमा

## क्षेत्र नं. २ बाट उपेन्द्र, डा. सिके र महन्थको नाम सिफारिस







**दैनिक समाचारदाता**
**राजविराज २२, भदौ ।**

आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि सप्तरी जिल्ला मधेश केन्द्रित दलका केन्द्रिय अध्यक्षहरुको रोजाईमा परेको छ ।

जनता समाजवादी पार्टी नेपाल (जसपा) का अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का अध्यक्ष महन्थ ठाकुर र जनमत पार्टीका अध्यक्ष डा. सीके राउतको रोजाई सप्तरी जिल्ला परेको हो । तीनै दलका अध्यक्षहरुको नाम उम्मेदवारीका लागि सप्तरी क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा सिफारिस भएको छ ।

यता जसपाका अध्यक्ष उपेन्द्र यादवको नाम जिल्लाको ४ वटै प्रतिनिधीसभा क्षेत्रबाट उम्मेदवारका लागि सिफारिस गरिएको छ भने लोसपाका बरिष्ठ नेता राजेन्द्र महतोको क्षेत्र नं.३ बाट उम्मेदवारीका लागि नाम सिफारिस भएको छ ।

यसअघि जनमत पार्टीले अध्यक्ष सिके राउतलाई क्षेत्र नं. २ बाट उम्मेदवार बनाउने निर्णय समेत गरिसकेको छ ।

यसरी मधेशवादी दलका प्रमुख नेताहरु यसै जिल्लाबाट सिफारिसमा परेपछी अहिले जिल्लामा राजनैतिक तरंग ल्याएको छ । तीनै दलका अध्यक्षहरुको नाम एउटै क्षेत्रबाट सिफारिसमा परेपछी झन चुनावी माहौल तताएको छ ।

यस अघि क्षेत्र नं. २ बाट चुनाव जितेका जसपाका अध्यक्ष यादवको नाम जिल्लाको ४ वटै क्षेत्रबाट सिफारिस गरिए पनि उनी २ नम्बर क्षेत्रबाटै चुनाव लड्ने बलियो सम्भावना रहेको जसपाका जिल्ला अध्यक्ष केदार यादवले जानकारी दिएका छन् ।

सोही क्षेत्रबाट उम्मेदवारी घोषणा गरिसकेका जनमत पार्टीका अध्यक्ष डा.राउत एक महिना अघि देखी नै मत माग्न घरदैलो र चुनावी सभामा व्यस्त भएका छन् । एक महिना यता आफ्नो क्षेत्रमा आधा दर्जन चुनावी सभा गरिसकेका उनले यस पल्ट उक्त क्षेत्रमा जनमतले पकड बनाउने दावी गर्दै आएका छन् ।

नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एस लगायतका पार्टीले पनि प्रदेश र प्रतिनिधी सभाका लागि उम्मेदवारको नाम सिफारिस गरिसके पनि गठबन्धन भित्र चुनावी तालमेलको प्रयास चलिरहेको भन्दै आधिकारीक नाम सार्वजनिक गरेका छैनन ।

यस्तै प्रमुख प्रतिपक्षी दल नेकपा एमाले पनि जिल्लाको सवै क्षेत्रबाट सम्भावित उम्मेदवारको नामावली तयार गरी सिफारिस गरिसकेको जनाउँदै सो वारे आधिकारीक जानकारी एक/दूई दिन भित्रै गराइने जनाएको छ ।

# सप्तरीका प्रजिअ गौतमको सरुवा नयाँ प्रजिअ खतिवडा आउँदै

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

सरकारले निर्वाचनको मुखमा एक दर्जन जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूको सरुवा गरेको छ ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको उदयपुर जिल्ला सरुवा भएको छ । उनको स्थानमा सखुवासभाका प्रजिअ नुरहरी खतिवडा आउने भएका छन् । त्यस्तै उदयपुरका प्रजिअ वीरेन्द्र यादवलाई संखुवासभाको प्रजिअमा सरुवा गरिएको छ ।

मन्त्रालयले काठमाडौँको प्रमुख जिल्ला अधिकारीमा घनश्याम उपाध्यायलाई नियुक्त गरेको छ । उनी ललितपुरको प्रमुख जिल्ला अधिकारीको रुपमा कार्यरत थिए । काठमाडौंका प्रजिअ गोविन्द रिजाल भने मन्त्रालयको कर्मचारी प्रशासन प्रमुखमा तानिएका छन् ।

कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यलाई ललितपुर तानिएको छ भने मन्त्रालयको प्रशासन महाशाखा प्रमुख टेकबहादुर केसीलाई कास्कीको प्रमुख जिल्ला अधिकारी बनाएर पठाइएको छ ।

# क्रिकेट कप्तान लामिछानेमाथि नाबालिका करणीको आरोप

काठमाडौँ, २२ भदौ (रासस) ।

नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेमाथि नाबालिका करणी गरेको आरोप लागेको छ ।

एक व्यक्तिले आफ्नी १७ वर्षीया नाबालिका बहिनीलाई यही भदौ ६ गते जबर्जस्ती करणी गरेको आरोपसहित मङ्गलबार प्रहरीमा जाहेरी दिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले जानकारी दिनुभयो ।

महानगरीय प्रहरी वृत्त गौशालामा परेको उक्त जाहेरीमा स्याङ्जा आरुचौर स्थायी घर भई हाल काठमाडौँको बूढानीलकण्ठ बस्ने लामिछानेले बालिकालाई यही ५ गते काठमाडौँ र भक्तपुरका विभिन्न स्थानमा घुमाएको र सोही दिनको राति काठमाडौँको एक होटलमा ल्याएर जबर्जस्ती करणी गरेको आरोप छ ।

जाहेरीपछि बालिकाको विस्तृत स्वास्थ्य परीक्षण गराइएको प्रहरीले जनाएको छ । अनुसन्धानका विविध विधि र प्रविधि प्रयोग गरी जिल्ला प्रहरी परिसर काठमाडौँ र प्रहरी वृत्त गौशालाबाट संयुक्तरूपमा खटिएको प्रहरी टोलीले उक्त घटनामा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी परिसर काठमाडौँले सूचना जारी गरी जनाएको छ । लामिछाने अहिले लिग क्रिकेट खेलका सिलसिलामा विदेशमा छन् ।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**

**फोन नं. ०३१-५२१४७८**

**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

दर्ता नं. ११/०६८/०६९

**जनज्योति कृषि सहकारी संस्था लि.**

राजबिराज-९,मलेठ,सप्तरी

**विषय- उपस्थिति वारे ।**

मिति २०७९।०५।१९

महोदय्

उपरोक्त विषयमा यस संस्थाको संचालक समितिको मिति २०७९।०३।३२ गते बसेको बैठकको निर्णयनुसार संस्थाको ११ औं बार्षिक साधारण सभा तपसिलको प्रस्तावहरु उपर छलफल गरी निर्णयका लागि तपसिलका मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त सभामा उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्यज्युहरुलाइ जानकारी पत्र पठाइ सकिएको छ , कुनै कारणवस पत्र प्राप्त न भएको भए यसै सुचनालाइ आधारमानी उपस्थितिकोलागी हार्दिक अनुराध गरिन्छ।

तपसिल

१. संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षिय प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
३. कोषाध्यक्ष प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
४. आ.व.२०७८।०७९ को वार्षिक लेखा परिक्षण प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
५. आ.व. २०७९।०८० को वार्षिक कार्य योजना उपर छलफल तथा पारित सम्बन्धमा ।
६. साधारण सभाका निर्णय लेखन तथा प्रमाणिकरण समिति चयन सम्बन्धमा ।
७. आ.व. २०७९।०८० को लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक उपर छलफल तथा पारित सम्बन्धमा ।
८. आ.व. २०७८।०७९ को कोष हिंसाव खर्च सम्बन्धमा ।
९ वाह्य दायित्व सम्बन्धमा ।
१०.संस्थाको विनियम पुनरालेखन सम्बन्धमा ।
११. संस्थाको कार्यविधी नितीहरु उपर छलफल तथा पारित सम्बन्धमा ।
१२. विविध

तपसिल

१.मिती :- २०७९/०५/२४ गते शुक्रवार
२.समय :- बिहान १० बजे देखि
३.स्थान :- संस्थाको सेलर मिल राजविराज ९ मलेठ, रुपनी रोड सप्तरी

विश्वनाथ मण्डल
अध्यक्ष

## सम्पादकीय

### पुनः पालो जनताको

अहिले मुलुभर निर्वाचनको माहोल बन्दै गएको छ। अबको केही दिनपछि पूर्ण रुपले मुलुक निर्वाचनमय हुदैछ। मुलुक संघीयतामा गइसकेपछि यो दोश्रो संघीय निर्वाचन हो। २०७४ सालमा पहिलो स्थानिय, प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको थियो। उक्त निर्वाचनमा तत्कालिन प्रदेश नं. २ हाल मधेश प्रदेशमा मधेश केन्द्रित दलहरुको दबदबा रहेको थियो। यस प्रदेशमा केही वर्ष मधेश केन्द्रित दलहरुको सरकार रहेकोमा एक वर्षअघि जसपाको नेतृत्वमा अन्य दलहरुसँग गठबन्धनको सरकार रहेको छ। पाँच वर्ष अघिको राजनीतिक माहोल अहिले पूर्ण रुपले परिवर्तन भइसकेको छ। विगतको निर्वाचनमा देखिएको परिणाम अहिले त्यसको विपरीत रहेको छ। मधेशी दलहरुबीच भएको टुटफुटका कारण मधेश प्रदेशमा ती दलहरुको पकड कमजोर देखिएको छ।

विगतका वर्षहरुमा मुलुकमा आधा दर्जन मधेश केन्द्रित दलहरु रहेको थियो। पछि ती दलहरु एक भएर एउटा दलमा परिणत भएको थियो। तर पछि पुनः ती दलहरुमा भएको फुटका कारण अहिले मुख्यत तीन वटा दलहरु रहेका छन्। तीनै दलको मधेशी जनतामा पकड खस्किदै गएको छ। त्यसको उदाहरण हालै सम्पन्न स्थानिय तह निर्वाचनको परिणामलाई लिन सकिन्छ। यसरी मधेश केन्द्रित दलहरुबीच आपसी खिचातानको प्रवृतीले उनीहरु कमजोर हुदै गएका छन्। जसको फायदा प्रत्यक्ष रुपमा नेपाली काँग्रेसलाई पुगेको छ। हुन त राजनीतिमा स्थायी रुपमा कुनै दल कमजोर र बलियो हुँदैनन्। उनीहरुको कार्य सम्पादन, जनतामा पकड, विश्वास र काम गर्ने शैलीमा भर पर्दछ।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा जनताले पुनः एक पटक जनप्रतिनिधि छान्न पाउनेछन्। हरेक पाँच वर्षमा नयाँ जनप्रतिनिधि छान्ने मौका जनताले पाउने प्रावधान रहेको हुँदा हाल सम्पूर्ण राजनीतिक दलहरु परिणाम आफ्नो पोल्टोमा पार्न कम्मर कसेर लागिपरेका छन्। तसर्थ आउँदो निर्वाचनमा जनता जनार्दनले आफ्नो सुजबुझका साथ मतदान गरि नयाँ सरकार बनाउने अवसरलाई सतप्रतिशत प्रयोग गर्नुपर्ने आवश्यकता रहेको छ।

# प्रदेशको नाम बेनाम भयो

**मोहम्मद सदरुल**

विराटनगर, २२ भदौ (रासस)।

मुलुक सङ्घीय शासन व्यवस्थामा गइसकेपछि यहाँका सात प्रदेशमध्ये प्रदेश नं १ बेनाम हुँदै प्रदेशसभा अन्त्य भएको छ। आन्तरिक विवाद तथा राजनीतिक खिचातानीका कारण यो प्रदेशले आफ्नो नाम अहिलेसम्म पनि जुराउन सकेको छैन।

प्रदेशसभाको अर्को निर्वाचन आउन लाग्दासम्म पनि प्रदेशले आफ्नो नाम राख्न नसक्दा प्रदेश सरकारको आलोचना भइरहेको छ र यसलाई स्वाभाविक ठान्छन् राजनीतिक विश्लेषकहरू। प्रदेशसभाको १०औँ तथा बजेट अधिवेशन भदौ १७ गते राति १२ बजेदेखि अन्त्य भएको छ।

प्रदेशसभामा सुरुदेखि अन्तिमसम्म शून्य समयमा आठ सय ८५ सांसद, विशेष समयमा ५६ सांसद, दलका नेताका हैसियतमा ६४ सांसद र विधेयकको दफावार छलफलमा एक हजार ८२ सांसदले बोल्नुभएको थियो। कुल अवधिमा ६२ वटा विधेयक पारित हुनुका साथै १०औँ तथा बजेट अधिवेशनसम्म आउँदा प्रदेशसभामा तीन सय ६६ घण्टा ४५ मिनेट खर्चेर तीन सय १२ वटा बैठक बसेको पदेशसभा सचिव गोपालप्रसाद पराजुलीले जानकारी दिनुभयो।

सात विषयगत समिति रहेको प्रदेशसभामा सबै समितिको गरेर जम्मा तीन सय ६७ वटा बैठक बसेको र अन्तिम बजेट अधिवेशन ४५ घण्टा ५० मिनेट सञ्चालन भई प्रदेशसभाको बैठक अन्त्य हुँदासम्म प्रदेशमा प्रदेशको नामकरणको प्रस्ताव पनि दर्ता हुन नसक्नु प्रदेशसभाका सबै सांसदले प्रदेशसभाको ठूलो कमजोरी भएको स्वीकारेका छन्।

प्रदेशसभाका सभामुख प्रदीपकुमार भण्डारी र उपसभामुख सरस्वती पोखरेलले राजनीतिक खिचातानीका कारण प्रदेशको नामकरण हुन नसक्नु दुःखद् भएको बताउनुभयो। प्रदेशको गठनसँगै यसको नाम राख्नुपर्ने आवाज उठेको हो तर आजसम्म पनि यो सम्भव हुनसकेको छैन।

निर्वाचनपछि बनेको नेपाल कम्युनिष्ट पार्टीको दुईतिहाइ बहुमतको सरकारको नेतृत्व गर्नुभएका पूर्वमुख्यमन्त्री शेरधन राईको पालामा प्रदेशको नाम राख्न नसक्नुलाई राजनीतिक विश्लेषकहरूले गम्भीर कमजोरी मानेका छन्। प्रदेशको नामकरणका लागि पनि दुईतिहाइ बहुमत आवश्यक पर्छ। अहिलेको प्रदेशसभाको गठन हेर्दा वर्तमान प्रदेशसभामा दलीय आधारमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)को समर्थन आवश्यक छ। एमालेको सहयोग वा समर्थनबिना प्रदेशको नामकरण सम्भव देखिँदैन।

राजनीतिक परिवर्तनसँगै प्रदेशमा पूर्वमन्त्री राईपछि एमालेकै भीमप्रसाद आचार्यको नेतृत्वमा बनेको प्रदेश सरकार लामो समय चल्न सकेन। गठबन्धन दलका तर्फबाट नेकपा (एकीकृत समाजवादी)का नेता राजेन्द्रकुमार राईको नेतृत्वमा बनेको सरकारले सुरुमा प्रदेशको नामकरण गर्ने विषयमा लिएको अडान पनि कायम रहन सकेको भए प्रदेशको नाम आउन सक्थ्यो। तर त्यो हुन नसक्नुको कारण पनि प्रदेशको नाम पहिचानमा हुने वा भूगोलको विषयले अन्योल बनायो।

प्रदेशसभामा कुल ९० सदस्यीय पाँचदलीय सत्तारुढ गठबन्धनमा ५० प्रदेश सांसद मात्रै छन्। यसमा नेपाली काङ्ग्रेसका २१, माओवादी केन्द्रका १५, एकीकृत समाजवादीका १०, जनता समाजवादी पार्टीका तीन र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका एक प्रदेश सांसद छन्। प्रमुख प्रतिपक्षी दल एमालेका मात्र ३९ सांसद छन् भने राप्रपाका एक प्रदेश सांसद छन्। प्रदेशसभाबाट प्रदेशको नाम पारित गराउन आवश्यक ६१ सांसद पुऱ्याउन एमालेको समर्थन अपरिहार्य छ। प्रदेशको नामकरणका लागि प्रदेशसभाको दुईतिहाइ बहुमत आवश्यक रहने संवैधानिक व्यवस्था छ।

प्रदेशको नामकरणका लागि घनिभूत आवाज उठिरहेको समयमा नेपाली काङ्ग्रेसले एकल पहिचान, बहुपहिचान वा साझा पहिचान गरी यस विषयमा आफ्ना साझा धारणा बनाउनुपर्ने विचार सार्वजनिक गरिसकेको छ। प्रदेशसभामा सहभागी राजनीतिक दलहरूले प्रदेशको नामकरणका लागि विभिन्न चरणमा छलफल एवं बहस जारी राखेको अवस्थामा पूर्वमुख्यमन्त्री राईले नेपाली कांग्रेसले साथ दिएमा दुई दिनमै प्रदेशको नामका लागि दुईतिहाइ बहुमत जुटाइदिने दाबी गर्नुभएको थियो। कांग्रेसका संसदीय दलका नेता राजीव कोइरालाले गठबन्धनको भावनाविपरीत जान नसकिने अडानले पनि प्रदेशको नामकरणको विषयको बहसहरू खुम्चिन गएको एकथरिको टिप्पणी छ।

किरात राई यायोख्खाले प्रदेश १ को नाम 'किरात प्रदेश' राख्न पटक-पटक दबावमूलक कार्यक्रम गर्दै आएको थियो। योसँगै प्रदेशको नाम 'थरुहट' प्रदेश हुनुपर्ने आवाज पनि प्रदेशसभा बाहिर नसुनिएको होइन। यी आवाज कहिले संसद् भवन आगाडि त कहिले मुख्यमन्त्री कार्यालय आगाडि उनीहरूले धर्नालगायतका कार्यक्रम गर्दै आएका थिए। किरात कुनै जाति नभई ऐतिहासिक सांस्कृतिक पहिचान एवं सभ्यता भएकाले यो नाम दिँदा राम्रो हुने तर्क यायोख्खाको छ।

प्रदेशको नामकरणको विषयमा सभामुख प्रदीपकुमार भण्डारीले पनि सर्वदलीय बैठक सम्पन्न गरिसक्नुभएको थियो। सो बैठकमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका नेताहरूलाई बैठकमा बोलाइएको थियो। बैठकमा छलफलपछि सहमतिका आधारमा प्रदेशसभामा प्रदेशको नामकरण प्रक्रिया अगाडि बढाइने प्रदेशसभा सचिवालयले जनाए पनि यसले मूर्तरुप लिन सकेन।

प्रदेशको नामकरणका लागि दलहरूको बीच सहमति भए या नभए पनि प्रदेशसभामा प्रक्रिया अघि बढाउने सरकारी तयारी छ। मुख्यमन्त्री राईले प्रदेशको नाम प्रदेशसभाबाट पारित गराउन स्वास्थ्यमन्त्री तथा जनता समाजवादी पार्टीका नेता जयराम यादवको नेतृत्वमा दलहरूबीच सहमति जुटाउन कार्यदल गठन गर्नुभएको छ। मन्त्री यादव दलहरूबीच सहमति जुटाएर एउटा मात्रै नाम प्रदेशसभामा प्रस्ताव गरेर पारित गराउने प्रदेश सरकारको पहिलो प्राथमिकता रहेको बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "दलहरूबीच सहमति जुट्न नसके पनि प्रदेशसभामा नामकरणको प्रक्रिया सुरु भएपछि औपचारिक थलोमा बहस सुरु हुन्छ र त्यसपछि मतदान प्रक्रियामा जुन नाममा सहमति हुन्छ त्यही नाम पारित हुन्छ। अब योबाहेकको अर्को विकल्प छैन।" प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूमध्ये एमाले र कांग्रेस भूगोलको आधारमा अन्य दल पहिचानको आधारमा प्रदेशको नामकरण हुनुपर्ने पक्षमा देखिएका थिए।

कांग्रेस र एमाले मिलेर अघि बढ्न सक्दा मात्र प्रदेशको नामकरण सम्भव र सहज थियो। तर पनि कांग्रेस सत्तारुढ गठबन्धनलाई छाडेर प्रदेशको नामकरणका लागि एमालेको साथमा जान सक्ने अवस्था नदेखिएकाले यो विषय संस्थापकहरूका लागि लाजमर्दो भएको नेपाली कांग्रेस संसदीय दलका नेता कोइरालाको भनाइ छ। उहाँले यो विषयमा संसद्मा छलफल नै नगरी प्रदेशसभा अन्त्य हुनु हाम्रो लागि लाजमर्दो हो भन्दै भन्नुभयो, "प्रदेशको नाम राख्न नसक्नु हाम्रो कमजोरी हो, यसैले प्रदेशका जनतासँग हात जोडेर माफी माग्छु।"

प्रदेशसभाका सबभन्दा ठूलो दल प्रमुख प्रतिपक्षी एमालेले प्रदेशको नाम भूगोलको आधारमा 'कोसी' हुनुपर्ने अडानमा रहिआएको थियो। दोस्रो ठूलो दल कांग्रेस पनि भूगोलकै आधारमा प्रदेशको नाम 'सप्तकोसी' अघि सारेको थियो। तेस्रो ठूलो दल नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले पहिचानका आधारमा प्रदेशको नाम राख्नुपर्ने अडान दोहोऱ्याउँदै आएका थिए। पहिचान पक्षधर दलहरू पनि कुनै एउटा नाममा सहमति जुटाउन सकेनन्। पहिचान पक्षधर सबै दलको आ-आफ्नै अडानले प्रदेशको नाम 'बेनाम' भयो।

नेकपा (एमाले) संसदीय

बाँकी तीन पृष्ठमा


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**

MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था

रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।

आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।

विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।

प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।

नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।

उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।

सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।

सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।

सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।

व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।

कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।

सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।

त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**

**राजविराज ९ मलेठ, सप्तरी**

सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np

# जग्गा विवादले राष्ट्रिय गौरवको हुलाकी राजमार्ग निर्माण प्रभावित

**राजु विश्वकर्मा**
जनकपुरधाम, २२ भदौ (रासस)।

जग्गासम्बन्धी विवादका कारण राष्ट्रिय गौरवका आयोजनामध्येको निर्माणाधीन पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत धनुषाको कमला-जनकपुर खण्डको काम प्रभावित भएको छ। जग्गा विवादलाई लिएर स्थानीयले अदालतमा दिएको मुद्दालगायतका कारणले धनुषाको औरही र तिनकौरिया बजारमा सडक निर्माणको काम प्रभावित भएको हो।

पूर्व कमलाबाट पश्चिम जनकपुरधामसम्मको कुल २७ किलोमिटर सडकमध्ये करिब २५ किलोमिटर सडक निर्माणको काम अन्तिम चरणमा पुग्न लाग्दा पनि बाँकी रहेको करिब दुई किलोमिटर सडकमा जग्गा विवादका कारण काम अघि बढाउन नसकिएको लामा रमण जेभीका इन्जीनियर सुनिल मुखियाले जानकारी दिनुभयो।

औरही बजारको इलाका प्रहरी कार्यालय अगाडिको जग्गा आफ्नो हो भन्दै स्थानीय रामबाबु साह सुडीले उच्च अदालत जनकपुरधाममा मुद्दा दिएको र सोही मुद्दामा अदालतले मुआब्जा दिएर मात्र सडक बनाउन आदेश दिएकाले समस्या भएको इन्जीनियर मुखियाले बताउनुभयो।

“अदालतले सुडीलाई जग्गाको मुआब्जा दिएर मात्र सडक बनाउन आदेश दिएको छ”, इन्जीनियर मुखियाले भन्नुभयो, “जग्गाको मुआब्जा उहाँलाई मात्र दिए अरु ठाउँको जग्गाधनीले पनि मुआब्जा माग्छ र विवाद हुनसक्छ।” समस्या समाधानका लागि पटक-पटक भएको प्रयास असफल भएकाले सडक निर्माणको काम प्रभावित भएको उहाँको भनाइ थियो।

जग्गा विवादले औरही बजारको करिब पाँच सय मिटर सडक निर्माणको काम अझ सुरु हुन नसकेको इन्जीनियर मुखियाले बताउनुभयो। यस्तै धनुषाको बिदेह नगरपालिकाको तिकौरिया बजारमा जग्गा विवादलाई लिएर स्थानीयले अवरोध गरेपछि तिनकौरिया बजारदेखि करिब छ सय मिटर सडक निर्माणको कामसमेत प्रभावित भएको छ।

सडक निर्माणका लागि स्थानीयले जग्गा अधिग्रहण गर्न नदिने र सडक छेउमा कुलोबाटै सडक बनाउन दबाब दिँदै आएकाले सडक निर्माणका समस्या भएको उहाँले बताउनुभयो। सो क्षेत्रमा जग्गा अधिग्रहण गर्न स्थानीय तहले पनि चासो नदेखाउँदा समस्या समाधान हुन नसकेको तिनकौरियाका स्थानीय बजारवासीको कथन छ।

लामा रमण जेभी २०७८ चैत ३० गते स्तरोन्नतिको काम पूरा गर्ने गरी विसं २०७३ असार ३१ गते सम्झौता गरेको थियो। सो मितिमा निर्माण सम्पन्न हुन नसकेपछि पुनः म्याद थप गरिएको छ। थपिएको म्याद २०७९ चैत ३० गते सकिने छ। विसं २०७८ चैत मसान्तभित्र सडकको सबै काम सम्पन्न गर्ने लक्ष्य भए पनि सडक निर्माणका क्रममा विभिन्न स्थानका बासिन्दाले जग्गा विवादलाई लिएर अदालतमा मुद्दा हाल्ने र विवाद सिर्जना गर्ने कार्यले निर्माणको काम समयमा अघि बढाउन नसकिरहेको इन्जीनियर मुखियाको भनाइ छ।

यसैबीच हुलाकी सडकअन्तर्गत सिरहाबाट सर्लाहीसम्मको करिब दुई सय ३३ किलोमिटर सडकअन्तर्गत हालसम्म एक सय ५३ किलोमिटर सडकमा कालोपत्र सकिएको छ। बाँकी ८० किलोमिटर सडकमा पनि तीव्ररूपमा काम भइरहेको हुलाकी राजमार्ग आयोजना कार्यालयले जनाएको छ।

जनकपुरधामस्थित कदमचोकबाट कमला नदीसम्मको २६ किलोमिटर सडकमध्ये १८ किलोमिटर सडकमा कालोपत्र गरिएको र बाँकी आठ किलोमिटर पनि तीव्ररूपमा काम भइरहेको हुलाकी राजमार्ग आयोजना कार्यालयका प्रमुख कृष्णकुमार महतोले जानकारी दिनुभयो।

यस्तै सप्तरी र सिरहाको सीमा छुट्याउने बलान नदीबाट कमला नदीसम्मको सिरहा खण्डको ३० किलोमिटर सडकमध्ये २४ किलोमिटर कालोपत्र सकिएको र बाँकी छ किलोमिटर सडकमा पनि केही दिनभित्रै कालोपत्र सकिने प्रमुख महतोले बताउनुभयो।

सो सडक निर्माणको ठेक्का लिएको स्वछन्द, रोशन, महादेव खिम्ती जेभी जनकपुर उपमहानगरपालिका-४ धनुषाले निर्धारित समयमै काम सकिने गरी काम तीव्ररूपमा भइरहेको जनाएको छालेस। दुई लेनको उक्त सडक कालोपत्र गर्न रु एक अर्ब २० करोड २० लाखमा सम्झौता भएको ठेक्का कम्पनीका इन्जीनियर चन्द्र यादवले जानकारी दिनुभयो।

धनुषा र सिरहा खण्ड निर्माणको कामले गति लिए पनि सर्लाही खण्डमा भने भर्खरै मात्र काम सुरु भएको छ। सर्लाहीको शीतलपुर-मलङ्गवा खरैया टोलसम्मको सडक निर्माणका काम सुरुमा सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट हुँदै आए पनि काम अघि बढ्न नसकेको भन्दै हुलाकी राजमार्ग आयोजना कार्यालयलाई हस्तान्तरण गरिएको थियो।

करिब ४२ किलोमिटरको सो सडक हुलाकी राजमार्ग आयोजना कार्यालयमा हस्तान्तरण भएयता एक किलोमिटर सडकमा कालोपत्रको काम सम्पन्न भएको र अन्य खण्डमा माटो ग्राभेलको काम भइरहेको प्रमुख महतोले जानकारी दिनुभयो।

चालु आर्थिक वर्षभित्रै हुलाकी सडक निर्माणको काम सम्पन्न गर्ने लक्ष्य लिए पनि राजमार्गभित्र परेका घर टहरा हटाउन भएको ढिलाइ, ठाउँ ठाउँमा जग्गासम्बन्धी विवाद र कोभिड-१९ महामारीलगायतका कारण हुलाकी राजमार्ग निर्माणको कार्य केही पछि धकेलिएको उहाँको भनाइ छ।

यस्तै हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्म सडकखण्डमा निर्माणाधीन नौवटा पुल निर्माणको काम अन्तिम चरणमा पुगेको हुलाकी राजमार्ग आयोजना कार्यालयले जनाएको छ। मधेसकै लाइफ लाइनका रूपमा मानिएको हुलाकी सडकको निर्माणको काम तीव्ररूपमा अघि बढेपछि सो भेगका सर्वसाधारण खुसी भएका छन्। हुलाकी सडक निर्माण भएपछि मधेसको विकासले गति लिनुका साथै हजारौं युवामा रोजगारीको अवसर सिर्जना हुने स्थानीयवासीको विश्वास छ।

हुलाकी सडक जीर्ण हुदाँ सर्वसाधारण सास्ती व्यहोर्दै आएका थिए। सडक निर्माण भएपछि सहजरूपमै सदरमुकामसम्म पुग्न सकिने स्थानीयको भनाइ छ। पूर्व-पश्चिम राजमार्गको समानान्तर सीमा हुँदै करिब २० देखि ३० किमी दक्षिणतर्फ भएर फैलिएको हुलाकी राजमार्गलाई राणाकालीन समयदेखि नै चिठ्ठीपत्र ओसारपसार गर्ने हुलाकी हिँड्ने छोटो बाटो जसलाई पदम शम्शेरले आगाडि बढाएकाले पदमरोड पनि भनिने गरिन्छ।

***प्रदेशको नाम ...***

दलका नेता एवं पूर्वमुख्मन्त्री भीमप्रसाद आचार्यले किरात सभ्यता भए पनि यसलाई गलत व्याख्या गरेका कारण प्रदेशको नाममा सहमति हुन नसकेको बताउनुहुन्छ। माओवादी केन्द्र एवं सो दलका नेता इन्द्रबहादुर आङ्बोले प्रदेशसभाले प्रदेशको नाम राख्न नसकेका कारणसहित निर्वाचनमा जान सुझाव दिनुभयो। उहाँले भन्नुभयो, “प्रदेश बेनाम त भयो तर हामीले सङ्घीयता कार्यान्वयनको पक्षमा र विकासमा धेरै ठूलो प्रगति गरेका छौं।”

देश सङ्घीय र प्रदेश निर्वाचनको नजिक आइपुगेको छ। आगामी निर्वाचनमा प्रदेश नं १ ले आफ्नो नामसमेत राख्न नसक्दा प्रदेश सरकारको क्षमतामाथि प्रश्न उठ्नु स्वभाविक हो। कतिपयले सङ्घीय र स्थानीय सरकार भएपछि प्रदेश सरकार देशलाई किन आवश्यक पऱ्यो भन्ने बहस पनि गर्न थालेका छन्।

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव

M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### सिचुआन भूकम्पमा ७४ को मृत्यु, २६ बेपत्ता

छेन्दु, २२ भदौ (रासस/सिन्ह्वा)।

चीनको दक्षिणपश्चिम प्रान्त सिचुआनमा सोमबार गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या ७४ पुगेको स्थानीय सञ्चारमाध्यमले बुधबार जनाएको छ।

मङ्गलबार राति ९ बजेसम्म समाचारअनुसार सो भूकम्पमा परेर अझै २६ जना बेपत्ता रहेका छन्। मङ्गलबार बेलुका ९ बजेसम्म गान्जी प्रान्तमा ४० को ज्यान गएको, १४ जना बेपत्ता र १७० जना घाइते भएका बताएको छ।

यान सहरमा मङ्गलबार अबेरसम्म ३४ जनाको मृत्यु भएको, १२ जना बेपत्ता र ८९ जना घाइते भएका सहरको आपतकालीन व्यवस्थापन ब्यूरोले जनाएको छ।

सिचुआन प्रान्तको प्रान्तीय राजधानी छेन्दुमा भूकम्पका कारण लाखौं मानिस प्रभावित भएका बताइएको छ। त्यसको नजिकैको शहर चोङकिङमा पनि भूकम्पको धक्का महसुस भएको स्थानीय बासिन्दाले जानकारी गराएका छन्।

भूकम्पको केन्द्रबिन्दु सिचुआन प्रान्तको काङदिङ शहरबाट करिब ४३ किलोमिटर दक्षिणपूर्वमा रहेको चिनियाँ सरकारी सञ्चारमाध्यमले जनाएका छन्।

सो भूकम्प १० किलोमिटर गहिराइमा तथा ६.८ म्याग्निच्युडको रहेको पनि अमेरिकी भौगर्भिक सर्वेक्षण संस्था (युएसजिएस) ले जनाएको छ।

भूकम्पका कारण भौतिक संरचनामा पनि क्षति पुगेको छ। भूकम्पले भत्काएकाले यहाँबाट अर्को शहरमा जाने बाटो पनि अवरुद्ध भएको छ। त्यसैगरी मानिसको बसोबास रहेका कैयौं क्षेत्रमा दूरसञ्चारका लाइन काटिएकाले सञ्चार सम्पर्क पनि विच्छेद हुन पुगेको छ।

यसैबीच चिनियाँ राष्ट्रपति सी चिनफिङले सोमबार गएको भूकम्पका पीडित र प्रभावितको उद्धारकार्य चुस्तरुपमा गर्न निर्देशन दिनुभएको छ।

उहाँले यस कार्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न र भूकम्पका प्रभावितको उद्धार र राहतको काममा कुनै कसर बाँकी नराख्न पनि निर्देशन दिनुभएको छ।

### क्यामरूनको अंग्रेजीभाषी क्षेत्रमा पाँच जना मारिए

याउण्डे (क्यामरून), २२ भदौ (रासस/सिन्ह्वा)।

अङ्ग्रेजीभाषीको बाहुल्य रहेको क्यामरूनको दक्षिणपश्चिम भेगमा सन्दिग्ध पृथकतावादीले यात्रुबाहक एउटा बसमा आक्रमण गर्दा पाँच जना मारिएका तथा अन्य तीन जना घाइते भएका छन्।

कुम्बा क्षेत्रबाट बुबातर्फ गइरहेको बसमाथि एकोना इलाकाको राजमार्गमा आक्रमण भएको बताउँदै स्थानीय अधिकारीहरूले चार जना यात्री र बसका चालक मारिएका जनाएका छन्। चार जनाको घटनास्थलमा र एक जनाको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको एक जना वरिष्ठ सैनिक अधिकारीले सिन्ह्वालाई फोनमा बताए। घटनास्थलमा सुरक्षा फौज पुगेका तर उनीहरूलाई देखेर पृथकतावादीहरू भागेका उनले बताए। घाइते तीनैजना महिला हुन्। उनीहरूको बुबा क्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ।

ग्रीष्मकालीन बिदापछि सोबारदेखि खुलेका अङ्ग्रेजीभाषीका विद्यालय बन्द गराउन पृथकतावादीले आक्रमण गरेका हुन्। देशको उत्तरपश्चिम तथा दक्षिणपश्चिम क्षेत्रमा स्वतन्त्र राज्य बनाउन चाहने पृथकतावादीले सरकारी विद्यालय सञ्चालन गर्न नदिने चेतावनी दिएका छन्।

### युगान्डा पहिरोःपन्ध्र जना पुरिए

कम्पाला, २२ भदौ रासस/सिन्ह्वा)।

युगान्डाको पश्चिमी जिल्ला कासेसेमा पहिराले पुरिएर १५ जनाको ज्यान गएको छ। पहिराले पुरेका कासिका गाउँका १५ जनाको शव निकालिएको युगान्डा रेडक्रस सोसाइटी (युआरसीएस)ले जनाएको छ।

युआरसीएसका अनुसार छ जना घाइतेको जीवितै उद्धार गरिएको छ। उनीहरूलाई कासेसे नगरपालिकास्थित सेन्ट पल अस्पतालमा ‘रिफर’ गरिएको छ। मङ्गलबार राति परेको मुसलधारे वर्षाका कारण पहिरो खस्दा केही घर पुरिएका आशङ्का गरिएको छ। उक्त स्थानमा उद्धार तथा खोजी जारी छ।

विगत केही दिनयता युगान्डाको पश्चिमी क्षेत्रमा भारी वर्षा भइरहेको छ जसले बाढीपहिराको घटना बढाउनका साथै मानवीय एवम् बालीनालीसहित भौतिक क्षति निम्त्याएको छ। शनिबार छिमेकी बुन्डिबुग्यो जिल्लामा भीषण वर्षापछि आएको पहिरोमा परी चार जनाको मृत्यु भएको थियो।

# विरामी र बालबालिकालाई फलफूल वितरण




**दैनिक समाचारदाता**
**राजविराज २२, भदौ ।**

निजामती सेवा दिवसको अवसरमा बुधबार सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालका विरामीहरुलाई फलफूल वितरण गरिएको छ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको नेतृत्वमा अस्पताल पुगेका कर्मचारीहरुको टोलीले विरामीहरुलाई फलफूल वितरण गरेका हुन्।

अस्पतालमा उपचारार्थ भर्ना रहेका विरामी र पोषण गृहका बालबालिका गरी करिब २ सय जनालाई फलफूल वितरण गरिएका निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन सप्तरीका अध्यक्ष अजयकुमार झाले जानकारी दिए।

सो टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी गिरी, प्रहरी उपरीक्षक अविनारायण काफ्ले, निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन सप्तरीका अध्यक्ष झा लगायतको सहभागीता थियो।

# दुई किशोरीको शव धानखेतमा फेला

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २२ भदौ ।**

धनुषाको नगराइन नगरपालिका ७ स्थित खेतमा दुई किशोरीको शव फेला परेको छ।

धनुषाको नगराइन ७ का स्थानीय १८ वर्षीया पूजा महरा र भारतको मधुवनी जिल्ला हरलाखी घर भई नगराइन ७ मा बस्दै आएकी १९ वर्षीया आरतीकुमारी महराको शव फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

स्थानीयवासी खेतमा जाँदै गर्दा ती किशोरीलाई मृतावस्थामा देखेपछि उनीहरूले प्रहरीलाई खबर गरेका थिए। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले प्रहरी टोलीले किशोरीद्वयको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याएको जानकारी दिए।

# डेङ्गु तत्काल नियन्त्रण गर्न सांसदको माग

काठमाडौँ, २२ भदौ (रासस)।

प्रतिनिधिसभाको शून्य समयमा बोल्ने सांसदहरूले महामारीका रूपमा फैलिँदै गरेको डेङ्गुलाई तत्काल नियन्त्रण गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

बैठकमा बुधबार सांसद प्रकाशमान सिंहले देशमा हैजादेखि डेङ्गुजस्ता रोग फैलिँदै गएकाले त्यसको नियन्त्रण गर्न सरकारसँग माग गर्नुभयो। सांसद देवप्रसाद तिमिल्सिनाले हालसम्म ७१ जिल्लामा डेङ्गु फैलिसकेको र बढ्ने क्रम जारी भएकाले निःशुल्क उपचारको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउँदै तराईमा विपन्नलाई निःशुल्क झुलको व्यवस्था गर्न आग्रह गर्नुभयो।

सांसद तेजुलाल चौधरीले शिक्षालाई सरकारले ध्यान दिन नसक्दा १२ कक्षामा ४१ प्रतिशत मात्र नतिजा आएको उल्लेख गर्दै सबैको तलब बढ्दा विद्यालयका कर्मचारीको तलब पनि बढ्नुपर्ने माग गर्नुभयो। सांसद नरमाया ढकाल र सांसद पार्वता डिसी चौधरीले थारु समुदायका होनाहार युवालाई थुनामा राखेर निर्वाचनमा जानु सही नभएको धारणा राख्नुभयो।

सांसद नवराज सिलवालले नेपालको अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलमा हुने गरेको अस्तव्यस्त र गैरकानुनी क्रियाकलाप रोक्नुपर्ने माग गर्दै भिजिट भिसाका कारण मानव तस्कर बढ्दै गएकाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद पद्मनारायण चौधरीले भूउपयोग नीति अवलम्बन गरेको हुनाले जगाको कित्ताकाट गर्न नसक्दा किसान मारमा परेको हुँदा कित्ताकाट गर्ने व्यवस्था सरकारले मिलाउनुपर्ने सुझाव दिनुभयो।

सांसद पार्वतीकुमारी विसङखेले संविधानअनुसार गठन गरिएको राष्ट्रिय समावेशी आयोगले तयार पारेको प्रतिवेदनमा आरक्षण नै आवश्यक छैन भन्ने पूर्वाग्रही प्रतिवेदन सार्वजनिक गरेको उल्लेख गर्दै उक्त सुझाव दिने र प्रतिवेदन निकाल्ने पदाधिकारीलाई कारबाही गर्न सरकारसँग माग गर्नुभयो।

सांसद पुष्पकुमारी कर्णले सांसदले समसामयिक विषयमा शून्य समय र विशेष समयमा उठेका विषयको पाँच दिनभित्र सम्बन्धित मन्त्रालयले जवाफ दिनुपर्ने तर त्यो हुन नसकेकोप्रति दुःख व्यक्त गर्नुभयो। सांसद प्रमिला राईले समावेशी र समानुपातिकको प्रावधान भए पनि आगामी मङ्सिर ४ गते हुन लागेको निर्वाचनमा महिलाको नाम सिफारिस भएको नदेखिएकोप्रति दुःख व्यक्त गर्दै प्रत्यक्ष तथा समानुपातिकमा ३३ प्रतिशत हुनुपर्ने संवैधानिक व्यवस्थालाई नकार्न नमिल्ने बताउनुभयो।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

☎ 031-520034
031-520134
E-mail : hosp-sagarmatha@mohp.gov.np

## गजेन्द्र नारायण सिंह अस्पताल
राजविराज, सप्तरी

### स्वास्थ्यकर्मी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
**प्रथम पटक प्रकाशित मिति २०७९।०५।२३**

यस गजेन्द्र नारायण सिंह अस्पतालको मिति २०७९।०५।२० गतेको निर्णय अनुसार आवश्ययक देहायका जनशक्तिहरु करार सेवाबाट लिनुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र लोक सेवा आयोगबाट निर्धारित ढाँचामा रितपुर्वक दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | पद | तह | सेवा | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | स्टाफ नर्स | सहायक ५ (पाचौं) | नेपाल स्वास्थ्य | १० | लोकसेवा आयोगद्वारा निर्धारित शैक्षिक योग्यता। |
| २. | अ.न.मि | सहायक ४ (चौथो) | नेपाल स्वास्थ्य | ८ | लोकसेवा आयोगद्वारा निर्धारित शैक्षिक योग्यता। |
| ३. | अ.हे.ब | सहायक ४ (चौथो) | नेपाल स्वास्थ्य | २ | लोकसेवा आयोगद्वारा निर्धारित शैक्षिक योग्यता। |

१. उम्मेदवार नेपाली नागरिक हुनुपर्ने।
२. दरखास्त दिने स्थान :- गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज, सप्तरी।
३. दरखास्त दिने अन्तिम मिति: २०७९ भदौ २९ गते दिउसो २:०० बजेसम्म। (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा अस्पताल खुल्ने अर्को दिन।)
४. करार अवधि:- कार्यसम्पादन मुल्याकंनको आधारमा सेवा अवधि थप गर्न सकिने छ। तर लोकसेवा आयोगबाट पदपुर्ति भै आएमा करार अवधि स्वत: खारेज हुनेछ।
५. सेवा करार आवेदनको शुल्क:-
-सहायक पाचौं तह रु.४००।
-सहायक चौथो तह रु.४००।
६. सेवा प्रदान गर्नुपर्ने स्थान:- गजेन्द्र नारायण सिंह अस्पताल सप्तरी।
७. उम्मेदवारको उमेर हद:- दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।
८. परीक्षाको किसिम: अन्तर्वार्ता र प्रयोगात्मक।
९. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:
- प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता र नविकरण भएको,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धीत पदको न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि
- पासपोर्ट साइजको फोटो २ प्रति
- आवेदन फारम यसै अस्पतालको प्रशासन शाखाबाट उपलब्ध गराईने छ।

१०. तलब सुविधा:- यस अस्पताल र उम्मेदवार बीच भएको सम्झौता अनुसार।
११. सम्पर्क मिति २०७९ भाद्र २९ गते ५:०० बजे।
१२. अन्य जानकारीको लागि यस अस्पतालको सम्पर्क नं.९८४२८३०४९९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।


उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेबसाइट : *rajbirajdainik.com.np*